### जिल्ला विकास समिति गुल्मीको

### आ.व. ०७१/०७२ को

# सामाजिक परीक्षण प्रतिवेदन

## २०७२




**प्रस्तुतः**

**जिल्ला विकास समितिको कार्यालय,गुल्मी**

**प्रस्तोताः**

**शेरबहादुर कुँवर**

**मितिः २०७२/७/३०**

# सामाजिक परीक्षकको मन्तव्य

स्थानीय निकायहरुले आफ्नो क्षेत्रको विकासका लागि स्रोत साधनको परिचालन तथा व्यवस्थापन गरी विकासको प्रतिफल सन्तुलित र न्यायपूर्ण हुने गरी स्थानीय सेवा प्रवाह र शासान प्रक्रिया जनमुखि, जवाफदेहि, मितव्ययी,पारदर्शि, उत्तरदायी, समावेशी, समतामूलक एवं सहभागितामूलक तुल्याउन सामजिक परीक्षण कार्यक्रमलाई नेपाल सरकारले निकै महत्वका साथ अगाडि सारेको छ । यस कार्यक्रम मार्फत स्थानीय सेवा प्रवाहमा पारदर्शीता र जवाफदेहीता अभिबृद्धि गरी सेवामा आम नागरिकको अधिकार, जिम्मेवारी र अपनत्वको भावनाको विकास गरी सामजिक मेलमिलाप बढाउन सकिने लक्ष्य राखिएको छ । सोहि बमोजिम जि.वि.स. गुल्मीले स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ को आधारमा पहिलो पटक आ.व. २०७१/०७२ को सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको छ ।

सामाजिक परीक्षणको सिलसिलामा अध्ययन गर्दा जि.वि.स. गुल्मीले आ.व.२०७१/०७२ मा जिल्लालाई पूर्ण साक्षर, पूर्ण खोप र खुल्ला दिसामुक्त जिल्ला घोषणा लगायत सामाजिक कार्य सम्पादनका थुप्रै अनुकरणीय कार्य सम्पन्न गरेको पाइयो । सामाजिक परीक्षणले औंल्याएका सवाललाई ध्यानमा राखेर आगामी दिनमा थप सुधार कार्य हुनेछ भन्ने अपेक्षा गर्दछु ।

यस्तो महत्वपूर्ण कार्य पहिलो पटक गर्दा सामाजिक परीक्षणमा केही सुधारका कार्य गर्नु पर्ने सिकाई भएको छ । जिल्ला विकास समिति गुल्मीले आफ्नो सामाजिक कार्य सम्पादनको आ.व.२०७१/०७२ को सामाजिक परीक्षण जस्तो महत्वपूर्ण कार्य गर्ने अवसर मलाई प्रदान गरेकोमा जिल्ला विकास समिति गुल्मीलाई हार्दिक आभार व्यक्त गर्दै यस कार्यमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**शेर बहादुर कुँवर**

**सामाजिक परीक्षक**

# विषयसूची


| विषय | पृष्ठ |
|---|---|
| १. पृष्ठभूमी | १ |
| २ सामाजिक परीक्षणको उद्देश्य | १ |
| ३. सामाजिक परीक्षण विधि | १ |
| ४. सामाजिक परीक्षणको कार्य क्षेत्र तथा अवधि | २ |
| ५. जि.वि.स.को कार्यालय गुल्मी अन्तरगतका शाखाहरु | २ |
| ६. जि.वि.स. गुल्मीको आ.व २०७१/०७२ को प्राथमिकताका क्षेत्र | ३ |
| ७ बृहत छलफलमा प्रस्तुत गरिएको विवरण | ३ |
| ८ आ.व २०७१/०७२ का मुख्य उपलब्धीहरु | ३ |
| ९. आ.व २०७१/०७२ को विषयगत उपलब्धीहरु | ४ |
| १० भोगेका समस्याहरु | ५ |
| ११. अनुकरणीय कार्य | ५ |
| १२. सामाजिक परीक्षणले उठाएका केही सवालहरु | ६ |
| १३ सामाजिक परीक्षणको सार्वजनिक कार्यक्रममा प्राप्त प्रतिक्रिया तथा सुझावहरु | ७ |
| १४ सामाजिक परीक्षणले उठाइएका सवालहरु माथि स्थानीय विकास अधिकारीको जवाफ | ८ |
| १५ निष्कर्ष / सारसंक्षेप | ८ |

## १ पृष्ठभूमि :

नेपालमा लोकतन्त्रको बहालीसँगै राज्यसंग आम जनताको चुलिएको अपेक्षा तथा चेतनास्तरमा भएको विकासका कारण सार्वजनिक सेवा प्रवाहलाई नागरिक हित अनुकुल तुल्याउनु पर्ने आवश्यकता रहेको छ । सोही अनुरुप नेपाल सरकारले स्थानीय निकायको सेवा प्रवाहलाई प्रभावकारी तथा गुणस्तरीय बनाउदै लैजान स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ मा उल्लेख गरेका प्रकृयाहरु र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ ले व्यवस्था गरे बमोजिम भए गरेका कार्य सम्पादनको सामाजिक परीक्षण कार्य गर्न स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप स्थानीय निकायको एक आर्थिक वर्षमा निकायकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण गर्ने पद्धतिलाई स्पष्ट र निर्देशन गर्न सामाजिक लेखापरीक्षण कार्यविधि २०६३ लाई प्रतिस्थापन गर्दै  तयार  गरिएको स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ अनुसार गुल्मी जिल्लाले पहिलो पटक आ.व २०७१/०७२ को सामाजिक परीक्षण कार्यको थालनी गरेको छ ।

यस जिल्लाले आफ्नो क्षेत्रको विकासका लागि स्रोत साधनको परिचालन तथा व्यवस्थापन गरी विकासको प्रतिफल सन्तुलित र न्यायपूर्ण हुने गरी स्थानीय सेवा प्रवाह र शासन प्रक्रिया जनमुखि, जवाफदेहि, मितव्ययी,पारदर्शि, उत्तरदायी, समावेशी, समतामूलक एवं सहभागितामूलक तुल्याउन सामजिक परीक्षण कार्यक्रमलाई अगाडि सारेको छ । यस कार्यक्रम मार्फत स्थानीय सेवा प्रवाहमा पारदर्शीता र जवाफदेहीता अभिबृद्धि गरी सेवामा आम नागरिकको अधिकार, जिम्मेवारी र अपनत्वको भावनाको विकास गरी सामजिक मेलमिलाप बढाउन सकिने लक्ष्य सहित सामाजिक परीक्षण कार्यको शुरुवात गरेको छ ।

## २ सामाजिक परीक्षणको उद्देश्य

- स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्न टेवा पुर्‍याउने,
- स्थानीय निकायले सामाजिक उत्तरदायित्व पुरा गर्ने क्रममा भएका अनुकरणीय कार्यको निरन्तरता दिदैं थप सुधार गर्नुपर्ने पक्ष औंल्याई सामाजिक उपलब्धीहरुको लेखाजोखा गर्ने आदि ।

## ३ सामाजिक परीक्षण विधिः

- सन्दर्भ सामाग्री  अध्यन
- अन्तरवार्ता र समुह छलफल
- स्थलगत योजना अवलोकन तथा समिती पदाधिकारीसँग छलफल
- सामाजिक परीक्षणको अनुसुची २ बमोजिमको प्रतिवेदन तयारी गरी बृहत सार्वजनिक छलफलमा प्रस्तुतीकरण तथा प्रतिक्रिया एवं सुझाव संकलन ।

### ४. सामाजिक परीक्षणको कार्य क्षेत्र तथा अवधि

- जि.वि.स. गुल्मीको आ.व २०७१/०७२ को सामाजिक कार्य सम्पादन, संस्थागत संरचना, कार्य सम्पादन गर्ने प्रकृया र उद्देश्यमा विशेष केन्द्रीत रहि जि.वि.स गुल्मीलाई प्राप्त भएको निःशर्त, सशर्त अनुदान, कार्यक्रम वा आयोजना बजेट, विकास साझेदार, अन्य निकायबाट प्राप्त हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, स्थानीय विकास शुल्क, राजश्व बाडँफाडँबाट प्राप्त रकम एव्म सबै प्रकारका स्रोत परिचालन तथा व्यवस्थापनबाट भएको सामाजिक उपलब्धीलाई मुख्य कार्य क्षेत्र मानिएको छ । आ.व २०७१/०७२ नै सामाजिक परीक्षणको अवधि रहेको छ तथापि गत आ. व. तथा चालु आ. व. को समेत अध्ययन गरिएको छ ।

### ५. जि.वि.स.को कार्यालय गुल्मी अन्तरगतका शाखाहरु

- सामान्य प्रशासन शाखा
- आर्थिक प्रशासन शाखा
- सामाजिक विकास शाखा
- सुचना व्यवस्थापन शाखा
- योजना अनुगमन तथा निक्षेपण समन्वय शाखा
- आन्तरिक लेखापरीक्षण शाखा
- वातावरण उर्जा तथा जलवायु परिवर्तन शाखा
- खानेपानी तथा सरसफाई इकाई

### ५.१. कार्यक्रम तथा समन्वय समितिहरु

क) स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम

ख) एसएनआरटिपी

- जिल्ला प्राविधिक कार्यालय
- महिला विकास समन्वय समितिको कार्यालय
- आदिवासि जनजाति जिल्ला समन्वय समितिको कार्यालय
- दलितवर्ग उत्थान जिल्ला समन्वय समितिको कार्यालय
- अपांग जिल्ला समन्वय समितिको कार्यालय

## ६. जि.वि.स. गुल्मीको आ.व २०७१/०७२ को प्राथमिकताका क्षेत्र

**क) कृषि क्षेत्रः** जिल्लाले तयार गरेको कृषि तथा पशु विकासको दश बर्षे अवधारणा २०६८ लाई निरन्तरता दिदै उत्पादन, उत्पादकत्व र बजारीकरणमा बृद्धि गर्ने

**ख) पर्यटन तथा उद्योग क्षेत्रः** धार्मिक, सास्कृतिक, ऐतिहासिक तथा पर्यटनको पहिचान र विकास गर्ने तथा स्थानीय कच्चा पदार्थमा आधारित घरेलु तथा साना साना उद्योगको प्रवर्द्धन गर्ने

**ग) समाजिक क्षेत्र** : जिल्लालाई खुल्ला दिसामुक्त क्षेत्र, पूर्ण खोप जिल्ला एवं पूर्ण साक्षर जिल्ला घोषणा गर्न आवश्यक पहल गर्दै लीक्षत समुदाय र वर्गको क्षमता अभिबृद्धि, तालिम सन्चालन, आयआर्जन र पूवाधार विकासमा विषेश ध्यान दिदै शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाई क्षेत्रको विकास गर्ने

**घ) भौतिक क्षेत्र :** जिल्ला सडक गुरु योजना २०७०, विद्युतिकरण,भवन निर्माण, खानेपानी, झो.पु., सिंचाई आदि

**ङ) वन तथा वातावरण विकासः** सडक किनारामा वायोइन्जीनियरिङ्ग, हरेक गाउँ पोखरी बनाउ अभियान, बैकल्पीक उर्जा प्रबर्धन, जलवायु परिवर्तन अनुकुलन कार्यक्रमहरु, घरभित्रको वायु प्रदुषण मुक्त वातावरण आदि ।

## ७ बृहत छलफलमा प्रस्तुत गरिएको विवरण

### ७.१ गुल्मी जिल्ला र आ.व २०७१/०७२ योजना स्थिती

पश्चिमाञ्चल विकास क्षेत्रको लुम्बिनी अञ्चलमा पर्ने गुल्मी जिल्ला अन्तरगत ३ निर्वाचन क्षेत्र, १३ इलाका, ७५ गा.वि.स र १ नगरपालिका रहेका छन । ११४९ वर्ग कि.मि ( ११४९०० हेक्टर) क्षेत्रफलमा फैलिएको यस जिल्लाको कुल जनसंख्या राष्ट्रिय जनगणना २०६८ अनुसार २,८०,१६० रहेको छ जसमा १,५९,१६५ महिला र १,२०,९९५ पुरुष रहेका छन ।

जिल्ला विकास समिति गुल्मीले आ.व २०७१/०७२ को लागि विनियोजित कुल बजेट ७६१७७६०००। मध्ये रु ७४७७६५०००। अर्थात ९८ प्रतिसत रकम खर्च गरी सो अनुरुप सेवा प्रवाह गरेको पाइन्छ । यस आर्थिक वर्षका लागि प्राप्त ३९५ योजनाबाट ३०५ आयोजनाहरु छनौट गरि त्यसको कार्यन्वयवनका लागि बजेट विनियोजन गरिएको छ । सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत १३९५२ जेष्ठ नागरिक (अन्य), २९५० जेष्ठ दलित, ५५१ एकल महिला विधवा, ४४२ पूर्ण अपाङ्ग, ६४९ आंसिक अपाङ्ग र ६९६५ दलित वालवालिका गरि कुल ३३९५० जनालाई रु **२००८५०००** सामाजिक सुरक्षा भत्ता स्वरुप रकम वितरण गरेको देखिन्छ । आफ्नो सेवालाई प्रभावकारी बनाउन कर्मचारी व्यवस्थापनलाई निम्न बमोजिम व्यवस्था गरिएको छ :

## ८ आ.व २०७१/०७२ का मुख्य उपलब्धीहरु

- जिल्लालाई खुला दिसामुक्त, पूर्ण साक्षर र पूर्ण खोप जिल्ला घोषणा गरिएको
- करिब २२००० घरधुरीमा चिम्नी सहितको चुलो निर्माण गरिएको । चालु आ.व.मा घरभित्रको धुवा रहित जिल्ला घोषणा तयारी गरिएको
- करिब ५२०० घरमा शौचालय निर्माण गरिएको
- सदरमुकाममा सडक सोलार बत्ति जडान गर्ने कार्य शुरु गरिएको
- ६५.९७ प्रतिशत वेरुजु फछ्र्यौट गरिएको
- विषदीमुक्त (अर्गानिक) गाविस घोषणा – अग्लुङ्ग ।
- राजश्व असुलीमा देखिएको विवादलाई समाधान गर्दै राजश्व असुलीको दायरा बृद्धि गरी करिब 60 प्रतिशत राजश्व बृद्धि हुने प्रक्षेपण गरिएको ।
- कक्षा ६ को कफि विषयको स्थानीय पाठ्यक्रम तयार भई अध्यापन कार्य शुरु भएको ।

## ९. आ.व २०७१/०७२ को विषयगत उपलब्धीहरु

### शिक्षा, स्वस्थ्य

- **आ.व** ०७१/७२ मा जिल्लालाई पूर्ण साक्षर, पूर्णखोप तथा खुल्ला दिसामुक्त जिल्ला घोषणा गरिएको ।

### सडक

- जिल्लामा हाल सम्म ९४५ कि.मी कच्ची सडक निर्माण भएकोमा आ.व ०७१/७२ मा थप ९५ कि.मी निर्माण गरिएको
- ग्राभेल ५ कि.मी थप निर्माण भएको
- कच्ची सडक मर्मत सम्भार ५० कि.मी गरिएको जसबाट **१८०८००** जनसंख्या लाभान्वीत भएको

### खानेपानी

- २७ वटा खानेपानी तथा सरसफाई योजना निर्माण कार्य सम्पन्न गरि ६७५० जना लाभान्वीत भएको

### आवास

- गा.वि.स भवन २ वटा, उप-स्वास्थ्य चौकी २ वटा विद्यालय भवन १६ वटा निर्माण कार्य सम्पन्न गरिएको र गा.वि.स भवन १४ वटा, उप-स्वास्थ्य चौकी १ वटा विद्यालय भवन ४२ वटा निर्माणाधीन रहेको जसबाट २०९७० जनसंख्या लाभान्वीत

**झोलुङ्गेपुल**

- ५ वटा सम्पन्न भएको र ५ वटा निर्माणधिन रहेको जसबाट १२५०० जना लाभान्वीत

**विद्युतीकरण**

विद्युतीकरणको लागि थप ३३ किमी प्रसारण लाइन विस्तार गरी १४५५० जनसंख्या लाभान्वीत गरिएको छ ।

**स्थानीय साशन तथा सामुदायिक विकास कार्यक्रम**

स्थानीय निकायमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक रुपान्तरणका लागि ८ वटा स्थानीय सेवा प्रदायक संस्था मार्फत ७५ वटै गा वि.स मा ७५ जना सामाजिक परिचालकको व्यवस्था गरि ६७५ वडा नागरिक मञ्च गठन गरी स्थानीय साशन तथा सामुदायिक विकास कार्यक्रम सन्चालन गरिएको ।

## १० भोगेका समस्याहरु

- जिल्लाका प्राथमिकतामा परेका कार्यक्रम भन्दा केन्द्रबाट आउने कायृक्रमहरु योजना बाहिरका योजनाले प्राथमिकता पाउनु
- जनशक्तिको अभाव /आन्तरिक स्रोतबाट प्रशासनिक खर्चको सिमा भित्र रहन नसकिएको
- ठूला मेसिनरिको वाावरणीय जकरात्मक प्रभाव देखिनु
- आन्तरिक बजेट कमी माग तथा अपेक्षा धेरै हुनु
- गा.वि.स सचिव लगायत जि.वि.स कर्मचारीको पदपूर्ति हुन नसकेको
- उपभोक्ता समितीको गठन, अभिमुखिकरण र योजनाको फरफारक समयमै गर्न नसकेको
- जनशक्ति क्षमता विकासका योजनाहरु सन्चालन गर्न नसकेको आदि ।

## ११. अनुकरणीय कार्य

- सहभागितात्मक योजना तर्जुमा / छनौट प्रकृया चरणबद्ध तथा नीति नियमको परिधीमा रहि उच्च जनसहभागितामा वार्षिक योजना तर्जुमा हुनु,
- जिल्लालाई पूर्ण साक्षर, पूर्ण खोप तथा खुल्ला दिसामुक्त क्षेत्र घोषणा गर्नु,
- आ.व २०७१/७२ को नीति तथा कार्यक्रम अनुरुप जिल्लालाई पूर्ण साक्षर, खुल्ला दिसामुक्त तथा पूर्णखोप जिल्ला घोषणा गर्न सफल हुनु,
- स्थानीय आवश्यकता र पहिचानको आधारमा विद्यालयको कक्षा ६ को पाठ्यक्रममा कफि विषय तयार गरि पठनपाठन शुरु गरिनु ।
- सडक सोलार बत्तीको व्यवस्थापनको शुरुवात गरिनु,
- विषादीमूक्त गा.वि.स बनाउने कार्यको थालनी गर्नु
- प्रसाशनिक खर्च कटौती गर्दै पेश्की वेरुजुको अवस्थामा सुधार ल्याउनु ,
- सडक गुरु योजना २०७० तथा कृषि तथा पशु विकासको १० बर्षे अवधारणालाई कार्यान्वयनमा जोड दिनु ।

## १२. सामाजिक परीक्षणले उठाएका केही सवालहरु

### १. सन्तुलित दिगो विकास

भौतिक पूर्वाधार, आर्थिक तथा सामाजिक विकास र वातावरणीय विकासलाई सन्तुलित रुपमा लैजाने जि.वि.स गुल्मीको आ.व २०७१/७२ मा नीति तथा कार्यक्रममा उल्लेख भएकोमा वातावरणीय संरक्षणका लागि सडक निर्माण गर्दा अनिवार्य वायोइन्जीनियरिङ्ग कार्यका लागि लागत इष्टीमेटको २ प्रतिसत रकम छुट्याउने प्राब्धान राखिनु आफैमा अनुकरणीय कार्य हो । योजनामा रकम विनियोजन गर्दा वा योजना छनौट गर्दा आर्थिकतर्फ भन्दा भौतिक पूर्वाधारमा संख्यात्मक र गुणात्मक लगानी अधिक भएकोले आगामी योजना छनौट तथा कार्यान्वयनमा सन्तुलन कायम गर्न ध्यान पुर्याउनु पर्ने देखिन्छ । जस्तै आ.व २०७१/७२ मा इलाकाबाट छनौट भइ प्राप्त ३९५ माग मध्ये प्राथमिकीकरणमा परेका ३०५ आयोजनाहरु रहेकोमा भौतिक पूर्वाधारतर्फ २२५ र सामाजिक आर्थिक विकासमा ८० वटा आयोजनाहरु समावेश गरिएको छ ।

### २. आयोजनाको लागत अनुमान र वजेट विनियोजन

ठूला आयोजनाहरुको लागत अनुमान तयार गरी सोही बमोजिम बजेट विनियोजन गर्नुपर्ने र निश्चित अवधिभित्र सम्पन्न गर्ने बहूवर्षीय आयोजना (Rolling Plan) को अवधारणामा कुल लागत अनूमान गरी सो आधारमा आयोजना सम्पन्न गर्न योजनाको अबधि किटान गरी लागत बमोजिमको आवश्यक बजेट विनियोजन व्यवस्था मिलाउनु पर्ने

३. ठूला आयोजनाको सूचनापाटी व्यवस्थालाई अनिर्वाय गरिनु पर्ने,

४ आन्तरिक आयबाट प्रशासनिक खर्चको सिमालाई व्व्वस्थापनका उपाय खोजी गर्नुपर्ने

५  जि वि स गुल्मीको कम्पाउण्डमा रहेका गाडीहरु सन्चालन वा हस्तान्तरण वा लिलाम व्यवस्था मिलाउनु पर्ने ।

६ योजनाका सबै प्रकृया पुरा गरि जि.वि.स को योजनामा समावेश गरिएका योजनालाई केन्द्र तथा निर्वाचन क्षेत्र विकास कार्यक्रमले प्राथमिकता नदिएकोले आफ्नो दायरामा ल्याउन पहल गरी सो बमोजिम हुन सकेमा वि.वि. स गुल्मीले गरेका अनुकरणीय कार्यमा अझ प्रभावकारीता आई योजनाबद्ध विकासको अवधारणा र अभ्यासमा एकरुपता आई आम जनमानसमा योजनाको सकरात्मक प्रभाव जाने देखिन्छ ।

## १३ सामाजिक परीक्षणको सार्वजनिक कार्यक्रममा प्राप्त प्रतिक्रिया तथा सुझावहरु

| क्र.सं | सुझाव कर्ताको नाम | सुझावको क्षेत्र | प्रतिक्रिया तथा सुझावको सारसंक्षेप |
|---|---|---|---|
| १ | श्री हिरा ए.सि. | सामाजिक सुरक्षा कार्यक्रम | सामाजिक सुरक्षाको रकमले समाजमा लक्षित वर्गलाई सकरात्मक प्रभाव पारेको, रकम वितरणमा केहि समस्या देखिएको जस्तै दर्लामचौरमा आ.व ०७१/०७२ को एक चौमासिकमा २८ जना सम्मको नाम लगत कट्टा गरिएकोले रकम दुरुपयोगको आशंका , छानविन गरिनु पर्ने । |
| २ | श्री अखिलेश्वर पाण्डे | योजनाको दिगोपना | रे.न.पा मा सोलार सडक बत्ती जडान गरिएकोमा टिकाउ हुन नसकेको, व्यवस्थित गर्न पहल गर्नु पर्ने |
| | | आन्तरिक आयमा प्रसाशनिक खर्च | प्रसाशनिक खर्च के मा बढी भयो र नीतिगत व्यवस्था भन्दा माथि जानुपर्ने कारण के थियो होला |
| ३ | श्री टोप बहादुर खत्री | योजना प्रक्रिया | योजना तयारीमा वस्तिस्तर हुदै जिल्ला परिषदबाट पारित गरिन्छ तर विचमा योजना घुसाउने चलन निरुत्साहित हुनु पर्ने |
| ४ | श्री विशाल घिमिरे | लागत लाभ विश्लेषण | सामाजिक परीक्षण गर्दाको लागत लाभ विश्लेषण गर्दै सामाजिक उपलब्धी मापन गर्ने विधि उल्लेख गर्नुपर्ने |
| ५ | श्री सोमनाथ सापकोटा | पूर्वाधार विकास र आर्थिक क्रियाकलाप | पूर्वाधार विकासका योजनाले आर्थिक पक्षमा प्रभाव पार्ने |
| ६ | श्री ओम कार्की | छलफलमा सहभागिता | सामाजिक परीक्षणको छलफल कार्यक्रममा सर्वसाधारण सरोकारवालाको व्यापक सहभागिता भएन, योजना बनाउने, कार्यान्वयन गर्ने र अनुगमन गर्नेहरुको सक्रियतामा हुने यस कार्यक्रममा जिज्ञासा राख्ने को हुने |
| ७ | श्री प्रदिपराज कडेल | उपभोक्ता समितिको क्रियासिलता | योजनामा उपभोक्ता समिति सकरात्मक सोचका साथ योजना निर्माण, कार्यान्वयन र लाभको बाँडफाडमा लाग्नु पर्ने । लगानी र सामाजिक उपलब्धी तथा सामाजिक प्रभाव अध्ययन गर्न समय लाग्ने र छोटो अवधिमा यो कार्य कठिन हुने भएकोले छुट्टै व्यवस्था मिलाउनु पर्ने देखिन्छ । |

## १४ सामाजिक परीक्षणले उठाइएका सवालहरु माथि स्थानीय विकास अधिकारीको जवाफ

- सिमित साधन र स्रोतका कारण सबै योजना पूरा गर्न नसकिएको
- केन्द्रबाट निकासा ढिलो हुदाँ योजना कार्यान्वयन, अनुगमन समेतमा समस्या भएको
- आन्तरिक आयबाट कर्मचारी व्यवस्था गर्दा आन्तरिक स्रोतको प्रसाशनिक खर्च बढन गएको र आवश्यक कर्मचारी पुरा गर्न नसकिएको
- योजनाको अकंभार अनुसार लक्षित समुहको रकम विनियोजन गरिएको
- साना योजनाको निरुत्साहित गर्न पहल गरिने
- जि.वि.स ले रकम विनियोजन गर्दा योजना अनुरुप गरिएको र अन्य योजनामा रकम रकमान्तरण नगरिएको भए पनि केन्द्र वा निर्वाचन विकास क्षेत्रबाट आउने योजनाहरुलाई जि.वि.स का योजना भन्दा बाहिरबाट आएका सःसर्त योजनाहरु कार्यान्वयन गर्ने जिम्मेवारी रहेकोले जस्ताको तस्तै कार्यान्वयन गरिएको छ ।

## १४ .निष्कर्ष /सारसंक्षेप

स्थानीय निकायले पुरा गर्नु पर्ने सामाजिक उत्तरदायित्व, सुशासन, पारदर्शिता र जवाफदेहिताका लागि सामाजिक परीक्षण गर्ने व्यवस्था स्थानीय निकाय सामाजिक परीक्षण कार्यविधि २०६७ ले गरे बमोजिम जिल्ला विकास समिति गुल्मीले आ.व. २०७१/०७२ को सामाजिक परीक्षण कार्य पहिलो पटक गरिएको छ । स्थानीय निकायको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्यसम्पादनको लेखाजोखा गर्ने प्रक्रियालाई मार्गदर्शन गर्न टेवा पुर्‍याउने र स्थानीय निकायले सामाजिक उत्तरदायित्व पुरा गर्ने क्रममा भएका अनुकरणीय कार्यको निरन्तरता दिदैं थप सुधार गर्नुपर्ने पक्ष औल्याउदै सामाजिक उपलब्धीहरुको लेखाजोखा गर्ने उद्देश्यका साथ सन्चालन गरिएको यस सामाजिक परीक्षण कार्यको बृहत छलफलले केही महत्वपूर्ण सिकाइहरु भएका छन ।

जिल्ला विकास समिती गुल्मीले आफ्नो सेवा प्रवाह र सामाजिक उत्तरदायित्व बहन गर्न गरेका प्रयासहरु उल्लख्य रुपमा अनुकरणीय रहेकाछन । सहभागितात्मक योजना तर्जुमा, त्यसको कार्यान्वयनलाई प्रभावकारी बनाउन ऐन कानून, नियमावली, कार्यविधि, जि.वि.सको नीति तथा कार्यक्रमको आधारमा गरेको पाइन्छ जसको पुष्टयाई कार्य सम्पादनमापन २०७०/०७१ गरेको छ । जिल्लालाई पूर्ण साक्षर, पूर्ण खोप तथा खुल्ला दिसामुक्त जिल्ला घोषणा गरी राष्ट्रिय सहश्राब्दि लक्ष्य हासिल गर्न सफ जिल्ला भएको छ । सडक सोलार बत्ती जडान गर्ने, स्थानीय रुपमा कफि विषयको पाठयक्रम विकास, सोलार लिफ्ट खानेपानी आयोजनाहरु यसै आ.व.मा सम्पन्न भएका छन । जिल्लाको विकासका लागि सडक गुरु योजना २०७०, कृषि तथा पशु विकास १० बर्षे अवधारणा २०६८ तयारी र तदनुरुप कार्यान्वयनमा प्राथमिकताका साथ कार्यान्वयन गर्ने प्रयास भएको छ । उर्जा तथा वन वातावरणको सन्तुलनका साथै सामाजिक उत्तरदायित्व बहन गर्न शिक्षा, स्वास्थ्य, खानेपानी, सन्चार, यातयात एवं लक्षित वर्ग विकास कार्यक्रमहरुको उपलब्धीलाई विश्लेषण गर्दा स्थानीय साशन ऐन २०५५ का जिल्ला वर्गिकरणका सूचकको आधारमा गुल्मी जिल्ला “क” वर्गमा पर्ने प्रयाप्त आधारहरु तयार भएको पाइन्छ ।

जिल्ला विकास समिती गुल्मीका प्रयाप्त सबल पक्षहरु हुदाँहुदै पनि केहि कुराहरुमा आफ्नो ध्यान पुरयाउनु पर्ने देखिन्छ । जि.वि.स. गुल्मीको आवधिक योजना २०५८-२०६३ को अद्यावधिक, आर्थिक गतिविधिका क्रियालापको क्षेत्रमा योजनाको संख्यात्मक तथा गुणात्मक बृद्धि, बहुबर्षिय योजनाको लागि सम्पन्न गर्ने आधार खडा गर्ने, पेश्की फर्सोटमा देखिएको समस्या समाधानका लागि पहल गर्नु, ठूला योजनामा वातावरणीय प्रभाव अध्ययन, साना वितरणमुखि योजनालाई निरुत्साहित गर्नु , केन्द्र तथा निर्वाचन क्षेत्र विकास र अन्य विकास साझेदारबाट आउने सःसर्त योजनाहरु पनि जि.वि.स. को योजनालाई आधार बनाएर आउनु पर्ने व्यवस्था मिलाउदै जानुपर्ने देखिन्छ । आ.व २०७१/०७२ को तुलनामा आ.व २०७२/०७३ को बार्षिक योजना अझ परिस्कृत रुपमा रहेको पाइन्छ । यसको सफल कार्यान्वयनका साथै आ.व २०७३/०७४का लागि तयार हुन गैरहेको वार्षिक योजनाले सामाजिक उत्तरदायित्व बहन गर्नमा अझ परिस्कृत र स्पष्टताका साथ आउने विश्वासका साथ यो सामाजिक परीक्षणले उठाएका महत्वपूर्ण सवाल र त्यसको कार्यान्वयनका लागि गरीएका प्रतिबद्धता पुरा हुन सकेमा सामाजिक परीक्षणको सार्थकता हुनेछ ।

**शेर बहादुर कुँवर**
**सामाजिक परीक्षक**

# अनुसूची १

## बौद्धिक अपाङ्गता पुनस्थापना केन्द्र भवन निर्माण योजना तर्जुमा प्रकृया, कार्यान्वयन र लगानी एक अध्ययन

**योजनाको नाम:** बौद्धिक अपाङ्गता अविभावक संघ गुल्मीको पुनस्थापना केन्द्र भवन निर्माण
रे.न.पा १०, तम्घास, गुल्मी

योजनाको कुल लागत इष्टीमेट : १ करोड ३३ लाख

- आ.व २०७१/७२ मा प्राप्त जम्मा बजेट रु ५८२०००।
  - जि.वि.स गुल्मीबाट रु २५००००।
  - आवश तथा भवनबाट रु १०००००।
  - शान्ति तथा पुननिर्माण मन्त्रालयबाट रु २३२०००।

**योजनाको लक्ष्य:** बौद्धिक अपाङ्गता अविभावक संघ गुल्मीको पुनस्थापना केन्द्र भवन निर्माण गरि बौद्धिक अपाङ्गता भएका बालवालिको सामाजिक जिवन सुधारका लागि संस्थागत विकास गर्ने ।

संस्थाको स्थापना: २०६४

संस्थाको अध्यक्ष: श्री इशवरी प्रसाद पौडेल

संस्थाको नाममा रहेको जग्गा क्षेत्रफल: ४ आना रु ८०००००। मा खरिद

योजनाको माग: इलाका नं. ८ को सामाजिक विकास अन्तरगत पहिलो प्राथमिकतामा परेको

**योजनाको औचित्य:**

- ❖ जिल्लामा रहेका बौद्धिक अपाङ्गता भएका बालवालिकाहरुको सामाजिक जीवनमा सुधारका लागि आवश्यक शिक्षाका लागि जिल्ला शिक्षा कार्यालय गुल्मीले समाहित शिक्षा अन्तरगत बहिरा, सुस्तमनस्थिती भएका, दृष्टिविहिनका लागि कक्षा सन्चालन गरिरहेकोमा त्यसलाई व्यवस्थित गर्दै संस्थागत विकास गर्न वान्छनिय भएको
- ❖ हाल उपल्लो तम्घास मा.वि.मा बौद्धिक अपाङ्गता भएका ३२ जना वालबालिकाहरुले पढने गरेको जसमा २७ जना आवसिय रहेकोमा यी र यस्ता वालवालिकाको हितमा काम गर्नु पर्ने सामाजिक कर्तव्य र दायित्व समेत भएकोले नागरिक समाज र नेपाल सरकारको संयुक्त पहलमा योजनालाई दिगो रुपमा सन्चालन गर्न,

### योजनाका समस्या तथा चुनौती तथा सम्भावनाहरु

**समस्या** : बजेटको कमी, साझेदार, सहयोगी संस्थाहरुको समन्वयको कमी, निर्धारित समयमा योजना सम्पन्न गर्न नसकेमा वा संस्थाको समिती क्रियासिलतामा कमी आएमा योजना अलपत्र पर्न सक्ने, सूचना तथा तथ्याङ्कको अभाव, योजनाको दिर्धकालीन कार्य योजना बनाउनमा विज्ञहरुको सहयोग जरुरी रहेको आदि ।

**सम्भावना :** बौद्धिक अपाङ्गता भएका बालवालिकाहरुको सामाजिक जीवनमा योगदान पुराउनका लागि आवश्यकतामा आधारित यस योजनामा संस्थाका पदाधिकारीहरु क्रियासिल रहेको, सरकार र नागरिक समाजले उत्तरदायित्व बहन गर्न पर्ने विषय भएको, उपयूक्त स्थानमा योजना छनौट गरी शुरु गरिएकोले योजनाले मूर्त रुप लिने देखिन्छ ।

**योजना प्रकृया, कार्यान्वयन र जि.वि.स. गुल्मीको सामाजिक उत्तरदायित्व :**

- स्थानीय स्तरबाट माग भई आ.व.२०७१/०७२ को इलाका नं ८ बाट सामाजिक विकास अन्तरगत पाचँ प्रमुख मध्ये पहिलो अकं प्राप्त योजना हुनु,
- उपभोक्ता समिति दर्ता कानूनी मान्यता संस्था हुनु,
- लागत इष्टीमेट गरी शुरु गरिएको योजना
- विभिन्न निकायसँग समन्वय गरि गरिएको दिर्घकालिन योजना
- जि.वि.स गुल्मीले साझेदारी गरि सामाजिक उत्तरदायित्व बहनमा सकरात्मक भूमिका र्निवाह गर्नु ।

स्थानीय निकाय मात्र होइन सरकारको विशेष कार्यक्रमको क्षेत्र भित्र पर्ने सामाजिक विकासको महत्वपूर्ण शिक्षा क्षेत्र अन्तरगत बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुको हितका लागि बनेको यस्ता योजनामा विषयगत कार्यालय, विकास साझेदार तथा सहयोगी निकाय विच थप समन्वय गर्दै बजेट व्यवस्थापनको दायरा फराकिलो गर्नुपर्ने  देखिन्छ ।

# अनुसूची २

## १ स्थानीय निकायको नाम: जिल्ला विकास समिति गुल्मी

## २ बृहत छलफल कार्यक्रमको विवरण

मिति : २०७२/०७/२९

स्थान : जि.वि.स. हल समय : दिनको २.००

३ उपस्थिती विवरण

| क्र.सं | नाम | संस्था | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री डिलाराम पन्थी | जि.वि.स | स्था.वि.अ. | |
| २ | श्री प्रदिपराज कडेल | जि.प्र का | प्र.जि.अ | |
| ३ | श्री कमल अर्याल | रा.ज.मो | प्रतिनीधि | |
| ४ | श्री सोमनाथ सापकोटा | नेकपा एमाले | सचिव | |
| ५ | श्री इश्वरी परियार | द.जि.स | उपाध्यक्ष | |
| ६ | श्री टोप बहादुर खत्री | रा.प्र.पा | प्रतिनीधि | |
| ७ | श्री अखिलेश्वर पाण्डे | उ.वा सं | अध्यक्ष | |
| ८ | डा. गौरीमान श्रेष्ठ | जि.प.से.का | ब.प.चिकित्सक | |
| ९ | श्री चेत नारायण पाण्डेय | जि कृ वि का | ब कृ वि अ | |
| १० | श्री विशाल घिमिरे | जि व का | जि व अ | |
| ११ | श्री राम प्रसाद पाण्डे | जि शि का | स जि शि अ | |
| १२ | श्री कृष्ण प्रसाद पोखरेल | घरेलु तथा सा उ वि स | ब उ अ | |
| १३ | इ. रामचन्द्र नेपाल | सिचाइ डिभिजन | इन्जीनीयर | |
| १४ | श्री प्रतिमा पन्थी | महिला तथा बा. का | म वि अ | |
| १५ | श्री बाबुराम सापकोटा | त. सि स यो | आ.प्र | |
| १६ | श्री खिमलाल पाण्डे | जि ज स्वा का | शा. अ | |
| १७ | श्री हिरा ए सि | ए ग्रा वि समाज | का.स. | |
| १८ | श्री प्रकास थापा | जि प्रा का | प्र जि हे | |
| १९ | श्री भक्तिराम मरासिनी | जि वि स | यो अ तथा प्र अ | |
| २० | श्री खडक ब थापा | जि वि स | शा अ | |
| २१ | श्री भगवती श्रीस | IRDS/LGAF | AO | |
| २२ | श्री भपानन्द वि के | ग. नि को | कार्य प्रबन्धक | |
| २३ | श्री कृष्ण कोइराला | रे न पा | इन्जीनीयर | |
| २४ | श्री घन ब खडका | अ स स | प्रतिनीध | |
| २५ | श्री गणेश ब सारु | ने आ ज स स | प्रतिनीध | |
| २६ | ऋषिरा पोखेल | गा स ह सं के | सचिव | |
| २७ | श्री पेमलाल भण्डारी | जि वि स | लेखापाल | |
| २८ | श्री चिरन्जीवी भटराई | जि वि स | उर्जा इन्जीनीयर | |
| २९ | श्री ओम कार्की | एलजिएफ | एओ | |

| | | | | |
|---|---|---|---|---|
| ३० | श्री विनोद प्रकास लुहार | RWSSPWN | वास सल्लाहकार | |
| ३१ | श्री विशाल भटराई | | पत्रकार | |
| ३२ | श्री तिलाचन पाण्डे | | पत्रकार | |
| ३३ | श्री विनोद मरासिनी | जि वि स | का अ | |
| ३३ | श्री राजेन्द्र प्र प्याकुरेल | जि वि स | स्था शा. विज्ञ | |
| ३४ | श्री तपन पाण्डे | जि वि स | आई.टि.ई. | |
| ३५ | श्री नवराज भुसाल | पत्रकार महासंघ | अध्यक्ष | |
| ३६ | श्री ज्ञान कुमार बुढा | एनेकपा माओवादी | कोषाध्यक्ष | |
| ३७ | श्री  शेर बहादुर कुवर | | सामाजिक परीक्षक | |

**निर्माणाधिन बौद्धिक अपाङ्गता अविभावक संघ गुल्मीको पुनस्थापना  केन्द्र भवन रे.न.पा १०**
**का केही दृश्यहरु**





भवनको वर्तमान अवस्था




सामाजिक परीक्षण प्रतिवेदन बृहत छलफलमा प्रस्तुत गर्दै



सामाजिक परीक्षणको सिलसिलामा सहभागिहरु बिच छलफल/ अन्तरक्रिया गर्दै




सहभागिबाट प्राप्त सुझावप्रति चासो राख्दै स्था.वि.अ श्री डिलाराम पन्थी




सहभागिले कार्यक्रममा आफ्नो सुझाव राख्दै